
हामीले प्रभु
येशूलाई
किन आफ्नो
गुरु र स्वामी
तुल्यायौं ?

हामीले प्रभु येशूलाई किन आफ्नो गुरु र स्वामी तुल्यायौं ?

यो उक्त प्रश्न सोधेर म तपाईंको निम्ति निम्न खण्डबाट आफूले सिकेको र बुझेको एक-दुई कुरा पेश गर्न लागेको छु; किनभने परमेश्वरको वचनको निम्न खण्डमा प्रभु येशूले तीनजना व्यक्तिहरूसित व्यवहार गर्नुभयो, जसले उहाँप्रति उहाँको चेला हुने आफ्नो इच्छा प्रकट गरे। तर यी तीनजना मानिसहरूमा कुनचाहिँ कुराको घटि र अपुग थियो, सो कुरा हामी हेर्न लागेका छौं।

'अनि यस्तो भयोः उहाँहरू बाटोमा जाँदै हुनुहुँदा कुनै एकजना मानिसले उहाँलाई भन्योः "प्रभु, तपाईं जहाँ-जहाँ जानुहुन्छ, त्यहाँ-त्यहाँ म तपाईंको पछि लाग्नेछु।" अनि येशूले त्यसलाई भन्नुभयोः

"स्यालहरूको ओड़ार छन् र आकाशका चराहरूका गुँड़ छन्, तर मानिसका पुत्रको शिर राख्ने ठाउँधरि छैन।"

अनि उहाँले अर्कोलाई भन्नुभयोः "मेरो पछि लाग!" तर त्यसले भन्योः "प्रभु, मलाई पहिले गएर आफ्ना बुबालाई गाड्न दिनुहोस्!" येशूले त्यसलाई भन्नुभयोः "मुर्दाहरूलाई आफ्ना मुर्दाहरू गाड्न देऊ; तर तिमीचाहिँ जाऊ, र परमेश्वरको राज्यको प्रचार गर!"

अनि अर्कोले पनि भन्योः "प्रभु, म तपाईंको पछि लाग्ने नै छु; तर मलाई पहिले मेरा घरमा हुनेहरूबाट बिदा लिन दिनुहोस्!" अनि येशूले त्यसलाई भन्नुभयोः "आफ्नो हात हलोमा राखेर पछिल्तिर हेर्ने कोही पनि परमेश्वरको राज्यको निम्ति लायकको हुँदैन।" '

लूका ९:५७-६२

प्रभु येशूको चेला हुन सक्ने सम्भाव्य पहिलो मानिसले आफै आएर आफ्नो इच्छा प्रकट गरेको। उसले प्रभु येशूको चेला हुन चाहन्थ्यो। उसको यस इच्छामा कुनै गल्ती नहोला; किनभने लूका ९:२३ पदमा प्रभु येशूले भन्नुभयोः जुनै मानिसले पनि उहाँको पछि आउने इच्छा गर्न पाउँछ। तर यसको निम्ति उहाँले तीनवटा सर्त राख्नुभयोः यस्तो मानिसले आफूलाई इन्कार गर्नुपर्छ, आफ्नो क्रूस उठाउनुपर्छ र प्रभुलाई पछ्याउनुपर्छ। के ऊ भर्खैरै प्रभु उपस्थित हुनुभएको ठाउँमा अइपग्यो, र उसले त्यो कुरा अघि सुनेको थिएन? अनि प्रभु येशू कहाँ जाँदै हुनुहुन्थ्यो, के उसले बुझेको थिएन

त ? लूका ९:५१ पदअनुसार प्रभु येशूको सेवकाईको अन्त आइसकेको थियो र उहाँको पृथ्वीदेखि माथि उचालिने दिन आइपुग्न लागेको थियो (यूहन्ना १२:३२) । उहाँ यरूशलेमतिर जाँदै हुनुहुन्थ्यो, जहाँ उहाँ संसारको मुक्तिदाताको रूपमा हाम्रा पापहरूको निम्ति ठूलो अपराधीझैं मर्न लाग्नुभयो, र हाम्रो छुटकाराको मोल तिर्न लाग्नुभयो ।

यसकारण हामी पहिलो कुरा बुझ्नुपर्छः जुन मानिसले प्रभु येशूको चेला हुने इच्छा गर्छ, उसले प्रभु येशूलाई पहिले मुक्तिदाताको रूपमा पाउनुपर्छ, अपनाउनुपर्छ । किनकि बिरामी मानिसले आफूलाई डाक्टरको हातमा सुम्पेर छोड्छ भने, पापी मानिसले आफूलाई मुक्तिदाताको हातमा सुम्पनुपर्छ र आफूलाई उहाँको हातमा छोड्नुपर्छ । किनभने पहिले उसको मन पापको रोगबाट निको हुनुपर्छ । पहिले उसले पापको क्षमा पाउनुपर्छ, नत्र ता उसको पाप सधैं उसलाई जेल्ने बाधा पो बन्दछ, र त्यसले उसलाई प्रभुको पछि लाग्न दिँदै-दिँदैन । यसकारण प्रश्न छः के तपाईंले येशूको नाममा पापको क्षमा र परमेश्वरसँग मेलमिलाप पाउनुभएको छ ?

अनि दोस्रो कुरा हामीले सिक्नुपर्छः प्रभु येशूको चेला हुने हाम्रो उद्देश्यमा भौतिक लाभ हुने गन्ध अलिकति पनि लाग्नुहुँदैन । प्रभु येशूले पहिलो मानिसलाई दिनुभएको उत्तरबाट यो बुझिन्छः त्यस मानिसको मन यस सम्बन्धमा शुद्ध र सफा थिएन, तर त्यसले कतै चेलापनामा सांसारिक लाभको स्रोत पो देखेछ । तर यसरी हामी प्रभु येशूको चेला हुनै सक्दैनौं । यस धरतीमा जिउनुहुँदा उहाँसँग

भौतिक कुरा के पो थियो र ? हाम्रो गुरुको साधारण, नम्र र दीन जीवन हेर्नुहोस् ! होइन, होइन, उहाँका चेलाहरूले पाउने होइन, तर उहाँको निम्ति कति कुरा त्याग्नुपर्छ । यस सम्बन्धमा पत्रुसको कुरा सुन्नु असल र लाभदायक होला, जसले मत्ती १९:२७ पदमा निम्न कुरा भनेः 'हेर्नुहोस्, प्रभु, हामीले सबै थोकहरू त्याग्यौं, र हामी तपाईंको पछि लाग्यौं; यसकारण हामीले के पाउनेछौं ?' प्रभु येशूको चेलाले त्याग्नुपर्छ । उसले के-के त्याग्नुपर्छ त ? यसको विषयमा प्रभु येशूको उत्तर स्पष्ट छः *'हरेक जसले मेरो नामको खातिर घरहरू, दाजुभाइहरू, दिदीबहिनीहरू, बुबाआमा, स्वास्नी, छोराछोरीहरू वा जग्गाजमिन त्यागेको छ, उसले सय गुणा पाउनेछ र ऊ अनन्त जीवनको अधिकारी हुनेछ'* (मत्ती १९:२९) । मेरो आशा छ, तपाईंले सय गुणा पाउने तरिका बुझ्नुभयो होला । हामीले प्रभु येशूको निम्ति केही न केही, हामीलाई प्यारो लाग्ने केही कुरा छोड्नैपर्छ, नत्र यी चीजहरू हाम्रो निम्ति बाधा पो हुन जान्छन् ।

दोस्रो व्यक्तिले प्रभु येशूबाट चेला हुने व्यक्तिगत निम्तो र बोलावट पायो । तर उसमा नपुगेको कुरा के थियो, सो हामी अब हेर्छौं । उसले प्रभु येशूलाई पहिलो स्थान दिन सकेन । उसको जीवनमा प्रभु येशूभन्दा अझ मुख्य कुरा थियो । उसले आफूलाई र आफ्नो इच्छा दोस्रो स्थानमा राख्न सकेन । तर हामी प्रभु येशूको चेला भएको नाताले परमेश्वरको राज्य र उहाँको धार्मिकता खोजी गर्ने हाम्रो प्रथम कर्तव्य हुन्छ (मत्ती ६:३३) । यसकारण हाम्रो इच्छा पहिलो क्रूसमा मर्नुपर्छ, नत्र ता हामी प्रभु

येशूलाई पछ्याउनै सक्दैनौं। किनभने हाम्रो इसाई जीवनमा दिन-दिनै निर्णय गर्नुपर्ने कुराहरू हामीमाथि आइपरिरहेका हुन्छन्ः जीवन-साथी रोज्ने, अनि परिवार, काम र पढ़ाइको सम्बन्धमा, हाम्रो समय, हाम्रो फुर्सद र हाम्रो पैसा कसरी सदुपयोग गर्ने आदि विषयहरूमा। अनि जसले प्रभु येशूलाई पहिलो स्थान दिएको छैन, ऊ यी दैनिक, मामुली कुराहरूमा प्रायः गल्ती निर्णय गर्न पुग्छ। प्रभु येशूले र उहाँसित सम्बन्धमा राख्ने कुराहरूले हाम्रो दैनिक जीवनमा पहिलो स्थान पाउनैपर्छः बाइबल पढ़नु, प्रार्थना गर्नु र मण्डलीमा सक्रिया हुनु, एउटा भक्तिले पूर्ण, पवित्र जीवन जिउनु आदि। प्रभु येशूले यस दोस्रो व्यक्तिलाई प्राथमिकता के हो, सो स्पष्टसँग भन्नुभयोः परमेश्वरको राज्यको प्रचार प्रथम कुरा हो। यस कुरामा हामीले ढिलो गर्नुहुँदैन; किनकि दिन-प्रतिदिन मुक्ति नपाएका मानिसहरू मरिरहेका छन्। तिनीहरूलाई बचाउने एकमात्र उपाय मुक्तिको सुसमाचार हो। अनि यो मुक्तिको शुभ सन्देश हाम्रै हातमा छ। हामीले सुसमाचारभन्दा समाज र परिवारलाई कसरी अगाड़ि राख्न सकेका ? प्रथम कुराले हाम्रो जीवनमा प्रथम स्थान पाउनैपर्छ, नत्र चेला हाम्रो नाम मात्र हुने भयो। आफूलाई इन्कार गर्नुहोस् र आफ्नो इच्छा क्रूसमा चढ़ाउनुहोस् ! यस कुरामा आफूलाई र अरूलाई दयामाया नगर्नुहोस् ! नत्र यसबाट तपाईंको निम्ति र प्रभुको राज्यको निम्ति ठूलो हानि हुनेछ।

अब तेस्रो व्यक्तिको कुरा गर्न बाँकी छ। उसले भन्योः 'प्रभु, म तपाईंको पछि लाग्ने नै छु; तर मलाई पहिले मेरा घरमा हुनेहरूबाट बिदा लिन दिनुहोस्!' यस भनाइबाट सुस्पष्ट देखिन्छ, उसले पनि प्रभु येशूलाई पहिलो स्थान दिएको थिएन। तब उसले किन प्रभु येशूको चेला हुने इच्छा गरेको, सो बुझ्न गाह्रो छ। उसले हलोमा हात हालेकै छ, तब उसले पछिल्तिर किन हेरेको? पछाड़ि हेर्नु भनेको पुरानो जीवनमा फर्कनु हो र हाम्रो इसाई जीवन र साक्षी बिगार्नु हो। के हामीलाई याद छैन? हाम्रो पुरानो जीवन कस्तो थियो? के हाम्रो पुरानो जीवन एउटा अर्थहीन, पापले भरिएको जीवन थिएन र? त्यस बेलामा हामीसँग शान्ति थिएन, हाम्रो आशा थिएन, हाम्रो जीवनको उद्देश्य र लक्ष्य थिएन।

यसकारण आउनुहोस्, मानौं हामी हलो जोत्ने काम गरौं। हलो जोत्दा कसैले पछाड़ि हेऱ्यो भने, उसले तानेको सियो बाङ्गो न बाङ्गो हुन्छ-हुन्छ नै। अनि यसमा हाम्रा धेरै इसाई साथीहरूले गल्ती गरेका हुन्छन्। तिनीहरूले येशूको नाममा उच्च स्वर्गको बोलावट पाएका छन्, तर समय बित्दै जाँदा तिनीहरू बाटो बिराएर देब्रेतिर वा दाहिनेतिर लागेका छन्। हो, तिनीहरूले येशूलाई आफ्ना प्रभु र मुक्तिदाताको रूपमा मानिलिएका छन्। तिनीहरूले प्रभु येशूको नाममा पानीको बप्तिस्मा लिए होलान्। तर तिनीहरूले पुरानो जीवन आफ्नो पछाड़ि छोड़ेका छैनन्। किन होला? परिवार र आफन्त र पुराना साथीहरूसित गाँसिएका बन्धनहरू यसमा प्रमुख बाधा हुन्। तर यसरी कोही पनि येशूको

साँचो चेला हुनै सक्दैन । मोटरबाइक र कारमा पछाड़ि हेर्ने ऐना अनिवार्य चाहिन्छ, तर कुनै हलोमा मैले यस्तो यन्त्र देखेको छैनँ । किनकि चेलापनमा पछाड़ि हेर्ने कुरा घातक हो । हामी प्रभु येशूका पहिलाहरूमा तेकेर उहाँको पछि-पछि हिँड़नुपर्छ; यसमा हाम्रो ध्यान भङ्ग हुनुहुँदैन । यस सम्बन्धमा उहाँले दुःख भोग्नमा हाम्रो निम्ति एउटा उदाहरणीय, देखासिकी गर्न लायकको उत्तम नमुना छोड्नु-भयो (१ पत्रुस २:२१) । हलो जोत्नु कष्टपूर्ण काम हो । अनि क्रूस उठाउनु पनि दुःख्छ । यसकारण हिब्रू १२:१-३ पदको खण्ड हामीले पढ्नुपर्छ, जहाँ यसो लेखिएको छः *'आउनुहोस्, हामी हरेक भार र हामीलाई सजिलोसँग जेल्न खोज्ने हरेक पाप पन्साऔं, अनि धीरजसँग हाम्रो सामु राखिएको दौड़ दौड़ौं, यसमा हामी हाम्रो विश्वास शुरु गर्नुहुने र अन्त्याउनुहुने येशूलाई हेरिरहनुपर्छ, जसले आफ्नो सामु राखिएको आनन्दको निम्ति शर्मलाई तुच्छ ठान्नुभयो, क्रूसको शासना भोग्नुभयो र परमेश्वरको सिंहासनको दाहिने हातपट्टि बस्नुभयो । उहाँले यसमा आफ्नो विरुद्धमा पापी मानिसहरूको कति विरोध सहनुभयो, विचार गर्नुहोस्, र थकित नहुनुहोस्, हताश नहुनुहोस् !'* जसरी प्रभु येशूको निम्ति क्रूसमा जाने बाटो परमेश्वर पिताद्वारा उहाँको निम्ति तय गरियो, त्यसरी नै हाम्रो निम्ति पनि क्रूस उठाउने दैनिक काम उहाँद्वारा ठहराइएको छ । यसकारण बीचमा आएर परमेश्वरको इच्छाको निम्ति बाधा हुन खोज्ने जुनसुकै कुरा हाम्रो निम्ति विरोधी तत्त्व ठहरिनुपर्छ, र तत्कालै हामीले यसको सठीक कारबाई गर्नुपर्छ । प्रभु येशूले परमेश्वरको इच्छा पूरा गर्नको निम्ति सबै लाज र शर्म पचाउनुभयो;

परमेश्वरको इच्छा पूरा गर्दा उहाँलाई पापी मानिसहरूबाट बाधाहरू कति आए, कति ! तर उहाँ उत्तीर्ण हुनुभयो, उहाँले पुरस्कार पाउनुभयो । उहाँ विजेता भई परमेश्वरको दाहिने हातमा बस्नुभयो । अनि यसको पूर्व-आनन्दले उहाँलाई क्रूसको दुःख सहने प्रेरणा र हिम्मत दिलायो । अनि हाम्रो विषयमा के हो त ? के हामी चेलापनमा उत्तीर्ण हुनुपर्दैन । तब के हामी परमेश्वरको उच्च बोलावटमा आइपुग्न र उहाँको पुरस्कार पाउन निशाना ताकिरहनुपर्दैन र ? प्रेरित पावलले जीवनभरि यसो गरे, जसरी फिलिप्पी ३:१३-१४ पदहरूमा लेखिएको छः *'भाइहरूहो, म आफ्नो विषयमा मैले पक्रिसकेको ठान्दिनँ, तर म यो एउटा काम गर्छुः पछिल्तिरका कुराहरू बिर्सेर अघिल्तिरका कुराहरूतिर लम्कँदै ख्रीष्ट येशूमा परमेश्वरको उच्च बोलावटको पुरस्कार प्राप्त गर्न म निशानातिर दगुर्छु ।'*

धेरै इसाईहरूको निम्ति तिनीहरूको सामु राखिदिएको दौड़ छैन जस्तै देखिन्छ ? तिनीहरूले आफ्नो विश्वासको दौड़मा पुर्णविराम लगाएकै छन् । तिनीहरू संसारतिर फर्केका छन्, पुरानो जीवनमा फर्केका छन् । संसारले तिनीहरूलाई जितेको छ । संसारको मोहले तिनीहरूलाई जेलेको छ । किन ? कसरी ? तिनीहरूको गल्ती के भयो, केमा थियो त ? तिनीहरूले हलोरूपी विश्वासमा हात त हाले, तर तिनीहरूले येशूलाई ताकेनन्, तर पछिल्तिर फर्केर हेरे । प्रेरित पावल तिनीहरूजस्ता थिएनन् । तिनले निशाना ताकिरहेका थिए । तिनले पछिल्तिरका कुराहरू बिर्से । तिनले एउटै काम

गरेः तिनले सधैं परमेश्वरको उच्च बोलावटमा पुग्ने चेष्टा गरे; तिनले एउटा निशाना देखे; अनि तिनले यो निशाना ताके। पुरस्कार पाउने वा पुरस्कार नपाउने सवाल यसैमा छ।

यसकारण प्रभु येशूको चेलापनको विषयमा सर्तहरू सुस्पष्ट छन्, जुनचाहिँ यी हुन्ः हामीले आफूलाई इन्कार गर्नुपर्छ, हामीले क्रूस उठाउनुपर्छ, हामीले उहाँलाई पछ्याउनुपर्छ। यसकारण प्रभु येशूले हाम्रो जीवनमा प्रथम स्थान पाउनैपर्छ; हामीले आफूलाई उहाँको इच्छाको अधीनतामा सुम्पनुपर्छ। हामीले आफ्नो इच्छा, समाजको इच्छा र हाम्रा प्रियजनहरूको इच्छा, अरू जोसुकैको इच्छा क्रूसमा चढ़ाउनुपर्छ। हामीले निशानामा, यस स्वर्गको उच्च बोलावटमा नपुगुन्जेल हामीले प्रभु येशूलाई पछ्याइरहनुपर्छ। अनि यस कुरामा पछिल्तिर हेर्नु घातक कुरा हो। पछाड़ि हेर्ने मानिसको गवाही बिग्रिन्छ। उसले इनाम पाउँदैन। तर धन्य हो, त्यो मानिस, जसले प्रभु येशूमा आफ्नो गुरु र स्वामी देखेको छ र उहाँले भन्नुभएको कुरा मान्छ। उसले खास जीवन पाएको छ। उसको जीवन परमेश्वरको राज्यको योग्य हुन्छ। यस्तो उच्च कोटिको जीवन जिएकोदेखि कसैले लाज मान्नुपर्दैन।

यस सम्बन्धमा तपाईंले कति कुरा अझ बढ़ी बुझ्न, हामीलाई सोध्न वा सिक्न चाहनुभयो भने अथवा तपाईंलाई तपाईंको जीवनमा आत्मिक सहायताको खाँचो परेमा निम्न ठेगानामा हामीसित सम्पर्क राख्नुहुन अनुरोध गर्छौं । धन्यवाद ।

email: nbcinepal@gmail.com

प्रिय पाठक मित्र, आज सुनौलो मौका छोप्नुहोस्, र 'आशाको किरण'अन्तर्गत हाम्रा रेडियो कार्मक्रमहरू सुन्नुहोस्, साथै अडियो पोडकास्ट, रोचक किताबहरू र अन्य आत्मिक पुस्तक-पुस्तिकाहरू सित्तैंमा हाम्रो निम्न web-page बाट डाउन-लोड गरेर पढ्नुहोस्:

www.nbcinepal.org

